# प्रभु बैंक लिमिटेड, शाखा कार्यालय ललितपुर, ललितपुरका, तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको १५ दिने सार्वजनिक सूचना ।

**( सूचना प्रकाशित मिति २०८३/०३/०४ गते बिहिबारको आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा )**

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धी शर्त कबुलियत उल्लघंन गर्नु भएको तथा पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि मिति २०८२/०९/११ गते शुक्रबारको आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता तथा धितो लिलाम बिक्री हुन नसकेकोले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलवन्दी वोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो, सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको **शाखा कार्यालय ललितपूर, ललितपूरमा** दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन अर्थात् मिति २०८३/०३/१९ गते शुक्रबार (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको **शाखा कार्यालय ललितपूर, ललितपूरमा** दिनको ठीक २:०० (दुई) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । पुनश्चः यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र उक्त बांकी सम्पूर्ण कर्जाको साँवा, व्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लेखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ ।

## तपसिल

**क. ऋणी तथा जमानतकर्ताको विवरण :**

| | |
|---|---|
| **ऋणी : रमेश राना** (ना.प्र.नं. ९०४०८०५,<br>जारी मिति : २०५९/०३/३१, जि.प्र.का. कञ्चनपुर) ।<br>ठेगाना : कञ्चनपुर जिल्ला वेदकोट न.पा. वडा नं. ६ (साविक सुडा गा.वि.स. वडा नं. २) ।<br>बाबु : भज्जन राना ।<br>बाजे : सोमा राना । | **जमानतकर्ता : प्रेमवती राना** (ना.प्र.नं. ९०४०८१२,<br>जारी मिति : २०५९/०४/०५ जि.प्र.का. कञ्चनपुर) ।<br>ठेगाना : कञ्चनपुर जिल्ला वेदकोट न.पा. वडा नं. ६ (साविक सुडा गा.वि.स. वडा नं. २)<br>बाबु : छुट्टन राना ।<br>पति : रमेश राना । ससुरा : भज्जन राना । |
| **जमानतकर्ता : लक्ष्मी राना** (ना.प्र.नं. ७५-०१-७१-०४७७४, जारी मिति : २०७१/०८/२४ जि.प्र.का. कञ्चनपुर) । ठेगाना : कञ्चनपुर जिल्ला वेदकोट न.पा. वडा नं. ६ (साविक सुडा गा.वि.स. वडा नं. २) ।<br>बाबु : रमेश राना । बाजे : भज्जन राना । | **जमानतकर्ता : मुलिवा नाछिरिङ्ग** (ना.प्र.नं. १११००६/३६८,<br>जारी मिति : २०६८/०४/१९, जि.प्र.का. सोलुखुम्बु) ।<br>ठेगाना : सोलुखुम्बु जिल्ला सोताङ्ग गा.पा. वडा नं. ४ (साविक सोताङ्ग गा.वि.स वडा नं. ९) ।<br>बाबु : नौ कुविर राई ।<br>बाजे : दान बहादुर राई । |
| **जमानतकर्ता : प्रदिप राना**<br>(ना.प्र.नं. ७५-०१-७४-०९३२४,<br>जारी मिति : २०७४/०४/१२ जि.प्र.का. कञ्चनपुर) ।<br>ठेगाना : कञ्चनपुर जिल्ला वेदकोट न.पा. वडा नं. ६ ।<br>बाबु : रमेश राना ।<br>बाजे : भज्जन राना । | **ख. लिलाम विक्री हुने सम्पत्तिको विवरण :**<br>रमेश रानाको नाममा मालपोत कार्यालय कञ्चनपुरमा दर्ता श्रेष्ता कायम रहेको कञ्चनपुर जिल्ला सुडा गा.वि.स. वडा नं. ३, नक्सा सिट नं. ०२०१४६१ स्थित कित्ता नं. १५५३ क्षेत्रफल १०४०.३३ (वर्ग मि.)को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात.....१ |

**सवारी साधनको विवरण :**

धनी प्रभु बैंक लि. (साविक सेञ्चुरी कमर्सियल बैंक लि.) ऋणी **रमेश राना** भई प्रदेश सरकार भौतिक पुर्वाधार विकास मन्त्रालय, यातायात व्यवस्था यातायात व्यवस्था कार्यालय साना/ठुला सवारी, बागमती प्रदेश, ललितपुरमा दर्ता भएको, ईन्जिन नं. G4LAKM442788, च्यासिस नं. MALFC81BLKM054355*J बनाउने कम्पनी हुण्डाई कम्पनीको सवारी नं. प्रदेश ०३-०१ - ०२२ च ७९६६ को प्राइभेट कार थान ......१

**नोट :** धितो वापत यस बैकको नाममा रहेको माथि उल्लेखित सवारी साधन बैकलाई वुझाउनु हुन समेत ऋणी तथा जमानतकर्तालाई यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

**पुनश्च :**

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय ललितपूरबाट** समेत प्राप्त गर्न सकिनेछ ।

२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।

३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय ललितपूरमा** सम्पर्क राख्न सकिनेछ ।

**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. : ०१-५७१९०००**

Size: 3x28